# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

प.सं. २०७५।७६
च.नं.

मिति: २०७५।१२।१७

श्री प्रमुखज्यू,
हरिपुर नगरपालिका,
सर्लाही ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट हरिपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ४३ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १९ लाख ८७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४३ लाख ६९ हजार र पेश्की रु.१ करोड ७८ लाख १ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराका सम्बन्धमा मिति २०७५।११।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १५ (पन्ध्र) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# हरिपुरनगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नका लागि स्थानीय तहको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा  प्रदान गर्नु हो । प्रदेश नं. २ मा अवस्थित यो नगरपालिकामा हाल ९ वडा , ५० सभा सदस्यहरु, ६६.८६ व.की.मी.क्षेत्रफल र ४७१८७.०० जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२  वमोजिमयस नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ

| सि. नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | ८१५१०८१.१३ | १ | **चालु खर्च** | १२९३०८८६२.०२ | १२९३०८८६२.०२ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | १०४३४१५७६.१३ | १०४३४१५७६.१३ |
| | ख) बैंक | ८१५१०८१.१३ | ० | | **कोषको खर्च** | ० | ० |
| | | ० | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | १३३००१४.०० | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | १३३००१४.०० | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | ० | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय | ० | ० | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | २८९२१३००० | | ऋण लगानी | ० | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २०३६४१०००.०० | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | ८५५७२०००.०० | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपुरक अनुदान | ० | ० | ५ | **धरौटी फिर्ता** | ७५२०५.०० | ७५२०५.०० |
| | | ० | ० | ६ | **कोष  जम्मा** | ० | ० |
| ४ | **संघीय बजेटबाट निकासा** | ० | ४१३३६३०० | ७ | **मौज्दात** | ० | १०७१८५०४६.९८ |
| | पोषण कार्यक्रम | ११४०३००.०० | ० | ० | क) नगद मौज्दात | ० | ० |
| | एल जि.सी.डि.पी. चालू | ४६००००.०० | ० | | ख) बैंक मौज्दात | १०६३१५८३२.९८ | ० |
| | एल जि.सी.डि.पी. चालू | ६०००००.०० | ० | | ग) धरौटी | ८६९२१४.०० | ० |
| | सामाजिक सुरक्षा | ३८८८६०००.०० | ० | | | ० | ० |
| | पिछडा बर्ग | २५००००.०० | ० | | | ० | ० |
| ५ | **धरौटी आय** | ८८०२९५.०० | ८८०२९५.०० | | | ० | ० |
| | **जम्मा** | **३४०९१०६९०.१३** | **३४०९१०६९०.१३** | | **जम्मा** | **३४०९१०६९०.१३** | **३४०९१०६९०.१३** |

| द.नं | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु |
|---|---|---|

१. **संविधान कार्यान्वयन:**
नेपालको संविधान, २०७२ को अनुसुची ८ र ९ मा व्यवस्था भएका एकल अधिकार तथा साझा अधिकार कार्यान्वयनमा अध्ययन गर्दा आ.ब. २०७४। ०७५ को अन्तसम्म अन्य विषयमा नगरपालिका प्रवेश गरी ऐन, नियम र कार्यविधि निर्माण तथा निर्माणको शुरुवात गरेतापनि निम्न विषयमा नगरपालिकाले उल्लेखनिय प्रगति गरेको देखिएन । संविधानले प्रदान गरेका अधिकार र कार्यक्षेत्रमा आफ्नो काम र कर्तव्यलाई व्यवस्थित गरी कार्यान्वयनमा याउन आवस्यक कानून बनाई समृद्ध नेपाल निर्माणमा गाँउपालिका अंझै सक्रिय हुनुपर्ने देखियो ।

**प्रवेश नगरेका विषयवस्तु:**

| सि.नं | विषय |
|---|---|
| १ | नगर प्रहरी को व्यवस्था |
| २ | स्थानीय अभिलेख व्यवस्थापन |
| ३ | बेरोजगारको तथ्यांक संकलन |
| ४ | स्थानीय सेवाको व्यवस्थापन सम्वन्धि कानून |
| ५ | आधारभूत स्वास्थ्य तथा सरसफाई कानून |
| ६ | खानेपानी साना जलबिद्युत आयोजना र बैकल्पिक उर्जा कानून |
| ७ | जलाधार बन्यजन्तु खानी तथा खनिज पदार्थ संरक्षण कानून |

२.
उल्लेखित एकिकृत आर्थिक बिवरण अनुसार कार्यालयको बास्तबिक बैक मौज्दात रु ९२६४५५१२.९८ बाँकी रहेकोमा केन्द्रीय सन्चित कोषमा दाखिला गर्नुपर्ने रु १३६७०३२०.१० मिति ०७५।०७।०८ मा दाखिला गरेको भौचर पेश गरेकोले सो बरावरले हुने रकम २०७५आषाढ मसान्त को बैक मौज्दातमा बढि देखिएको छ ।

३. **शसर्त अनुदानतर्फको शिर्षकगत खर्च विवरण निम्नानुसार छ:**

| शिर्षक | अन्तिम बजेट | निकासा | खर्च | खर्च |
|---|---|---|---|---|
| कृषि | ८९०००.०० | ८९००००.०० | ८६९७३०.०० | २०२७०.०० |
| शिक्षा सेवा | ५६६१२०००.०० | ५६६१२०००.०० | ४९५०५३८६.०० | ७१०६६१४.०० |
| स्वास्थ्य सेवा | २५५८२०००.०० | २५५८२०००.०० | २४३२०१६९.०० | १२६१८३१.०० |
| आर्युवेद सेवा | १७९८०००.०० | १७९८०००.०० | १२३०१६१.९० | ५६७८३८.१० |
| पशु | ६९००००.०० | ६९००००.०० | ६९००००.०० | ० |
| जम्मा | | | | ८९५६५५३.१ |

४.
**लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् :**

**आन्तरिक लेखापरीक्षण:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ ले स्थानिय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेकामा कार्यालयले काष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन पेश गरेता पनि कार्यालयले ऐनमा भएको व्यवस्थाको पालना गरि अन्तिम लेखापरीक्षण पूर्व आन्तरिक लेखापरीक्षण गराई सो मा देखिएका कैफियतमा सुधार गरि आर्थिक कारोबारको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि वित्तीय प्रतिबेदन र सो संग सम्बन्धित आन्तरिक लेखापरीक्षण प्रतिबेदन पेश गर्नु पर्नेमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको पाईएन । यसवाट आन्तरिक नियन्त्रण एक दमै कमजोर अवस्थामा रहेको तथा अभिलेख व्यवस्था पूर्ण रुपमा ठिक छ भनि आश्वस्त रहने अवस्था रहेको छैन । सम्बद्ध निकायले यसमा ध्यान पुरयाउन आवश्यक देखियो ।

५. **शिर्षक गत आम्दानी खर्च अभिलेख :** कार्यालयले आर्थिक कारोवारको अभिलेख पारदर्शि तरिकाले राखेको पाईएन । प्राप्त आम्दानी र गरेको खर्चहरु केवल चालु र पुजीगत शिर्षकमा एकमुस्ठ देखिने गरी अभिलेख राखेको छ ।बित्तीय समानीकरण शसर्त तथा निशर्तको बिभिन्न बिषयगत श्रेस्ताहरु एकमुस्ठ राखेका कारण बजेट खर्च तोकिएकै शिर्षकमा खर्च भयो भनि एकिन गर्न सक्ने आधार रहेको छैन । शिर्षक गत बजेटको छुट्टा छुट्टै कारोवार देखिने अभिलेख तयार हुनु पर्दछ ।

६. **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई

वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने साथै प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले २०७४ माघ १९ गतेको प्रथम नगर सभावाट आ.व. २०७४।७५ को वजेट पास गरि कानूनमा भएको व्यवस्था वमोजिम प्रमुख प्रशासकीय अधिकृतलाइ लिखित रुपमा अख्तियारी प्रदान गरी कार्यान्वयनमा ल्याएको छ ।

७. **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाको २०७४।०६।०२ मा स्थानिय तहको दोश्रो चरणको निर्वाचन भई नगर सभाको गठन ०७४।१०।१९ भएको पाइयो । त्यसैगरी सोही दफाको उपदफा ७ ले पहिलो निर्वाचनवाट गठन भएको गाँउपालिकाका पदाधिकारीले पद बहाली गरेको दुई महिना भित्र बजेट पेश तथा पास गर्न सक्ने व्यवस्था भएता पनि उक्त अवधि नघाएर मात्र मिति २०७४।१०।१९ बजेट तथा कार्यकम स्विकृतम गरेको छ । पछिल्ला बर्षहरुमा ऐनमा भएको समयावधी अनुसार बजेट स्विकृति र अनुमोदन भई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

८. **नगर सभा** : स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १९(१) ले सभाको बैठक सामान्यतया बर्षको दुईपटक बस्ने र सभाको बैठक प्रमुखले वोलाउने व्यवस्था भए पनि यस नगर पालिकाको यो आ.व मा मात्र १ बटा सभा सम्पन्न गरेको पाईया । प्रदेश कानुनले व्यवस्था नगरेसम्म यो व्यवस्था लागु हुने व्यवस्था रहेकोमा उक्त व्यवस्थाको कार्यान्वयन गरी जनताको समस्याको समाधानमा प्रयास भएको देखिएन ।

९. **सभाको निर्णयाधारः** दोस्रो नगरसभा २०७५।०६।१५ को निर्णय नं ३ मा आ.व. ०७४।७५ मा नगर कार्यपालिकाले प्रथम नगरसभा पछि हालसम्म विभिन्न मितिमा भएका निर्णय र खर्चहरु अनुमोदन गर्ने भनि निर्णय भएको पाइयो । कुनै पनि विषयवस्तुका् निर्णय गर्नुपुर्व निर्णयको आधार र कारणहरु खुलाउनु पर्ने प्रशासनिक सामान्य सिद्धान्तमा पर्दछ। मातहतका निकाय र समितीले गरेका निर्णयलाई अनुमोदन गर्नुपर्ने कारण र आधार नखुलाई एकमुष्ट अनुमोदन भएको र सोमा भएको छलफलको विषयवस्तु खुलेको माईन्युट नदेखिएकाले नगर सभाले त्यस्ता निर्णय गर्नु पुर्व आधार , कारण र विषयवस्तु खुलाउनुपर्ने देखिन्छ ।

१०. **प्रथम नगर सभा सन्चालन खर्च :** प्रथम नगरसभा समुदघाटन समारोह मिति ०७४।१०।१९ मा सुरु भएको पाइयो । सन्चालन खर्च वापत रु ४८५१३०.०० लाख खर्च भएको गरेकोमा निम्नानुसारको खर्च रहेको पाईयो । कुल आन्तरिक आय १३ लाख ३० हजारन भएकोमा रु ४ लाख ८५ हजार प्रथम सभामै खर्च भएको देखिदा खर्च गर्दा मितव्ययीता अपनाएको देखिएन । यसमा नगरउपालिकाले ध्यान दिनु पर्ने देखियो ।

| क्र.स | खर्चको बिबरण | खर्च रकम रु |
|---|---|---|
| १ | भत्ता पदाधिकारी | ३०६०००.०० |
| २ | सन्चालन खर्च बिबिध | १७९१३०.०० |
| | जम्मा : | ४८५१३०.०० |

११. **नगरसभावाट पारीत कानुन :**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने तथा उपदफा ३ मा गाउँपालीका तथा नगरपालीकाले उपदफा १ र २ मा बनाएको ऐन राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । साथै उपदफा ५ मा उपदफा ३ बमोजिम कुनै कानुन राजपत्रमा प्रकाशन नभएसम्म लागु नहुने व्यवस्था छ । यस नगरपालिकाले तपसिल बमोजिमका कानुन तर्जुमा गरी मिति ०७४।१०।१९मा नगरसभावाट स्वीकृत गरेकोमा राजपत्रमा प्रकाशित गरेको देखिएन । ऐनको व्यवस्था पालना नगरी कार्यान्वयनमा ल्याएको पाईएकोले यसमा संबद्ध पक्षले ध्यान दिनु आवश्यक देखियो ।

**तपसिल**

| क्र.सँ | कानुन/नियम/कार्यविधिको नाम | नगर सभा /कार्यपालिकावाट | राजपत्रमा प्रकाशित |
|---|---|---|---|

| | | स्विकृत मिति | मिति |
|---|---|---|---|
| १ | नगर सभा सन्चालन कार्यबिधि २०७४ | २०७४/१०/१९ | पेश नभएको |
| २ | हरिपुर नगरपालिका आर्थिक ऐन२०७४ | २०७४/१०/१९ | |
| ३ | हरिपुर नगरपालिका बिनियोजन ऐन २०७४ | २०७४/१०/१९ | |
| ४ | स्थानीय निर्माण सामग्री दररेट २०७४ | २०७४/१०/१९ | |

१२. **साना आयोजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरि सम्बन्धित काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरि कार्य गराउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समितिमार्फत गराएका आयोजनाको लागत अनुमान तयार गर्दा नगर सभावाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरि सोही कार्य मात्र सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउंदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ । तसर्थ कुनै पनि निर्माण कार्य गराउंदा आयोजनाको कुल लागत अनुमान तयार गरि उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारीत लागतमा तोकिएको समयावधिमा पुरा गरि गुणस्तरियता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ । यो वर्ष गाँउपालीकाले सभाले पास गरेको बजेटको आधारमा लागत अनुमान तयार गरि संचालन गरेका आयोजनाहरु निम्नानुसार रहेको पाईयो । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व बृद्धि गर्ने खालका ठुला आयोजना भन्दा साना टुक्रे आयोजनाले प्राथमिकता पाएको देखियो । कुल आयोजना २१० मा १९७ आयोजना रु ५ लाख भन्दा कमका देखिएकोले आयोजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विश्लेषण गरी उपयुक्त र ठूला आयोजनाको छनौट गरिनुपर्दछ ।

| क.सं | आयोजनाको लागत | आयोजना संख्या |
|---|---|---|
| १ | ५ हजारदेखि ५० हजारसम्मका | ४४ |
| २ | ५१ हजारदेखि १ लाख सम्मका | ५९ |
| ३ | १ लाख १ हजार देखि ५ लाखसम्मका | ९४ |
| ४ | ५ लाख १ हजार देखि १० लाखसम्मका | ० |
| ५ | १० लाख १ हजार देखि १५ लाखसम्मका | ० |
| ६ | १५ लाख १ हजार देखि २० लाखसम्मका | ० |
| ७ | २० लाख १ हजार देखि २५ लाखसम्मका | ० |
| ८ | २५ लाख १ हजार देखि ३० लाखसम्मका | ० |
| ९ | ३० लाख १ हजार देखि ३५ लाखसम्मका | ० |
| १० | ३५ लाख १ हजार भन्दा माथि | ७ |
| | जम्मा | २१० |

१३. **बिमा नगराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाखभन्दा बढिको निर्माण कार्य गर्दा निर्माण कार्य ,मेशीन औजार वा प्लान्ट लगाएतको विमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत गराएका र ठेक्कावाट गराएका केहि ठक्कामा विमा गराएको छैन । नियममा भएको व्यवस्था पालना नगर्दा जोखिम बहन तथा कामको स्थायीत्व तथा गुणस्तरियाता कायम हुन सक्ने नदेखिएकोले जोखिम बहनको सुनिश्चितता गरिनुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस गांउपालीको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रयाप्त ध्यान दिएको देखिएन । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई सोही अनुरुप कार्यसंचालन गरि सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्दछ ।

- बैंक समायोजन बिवरण तयार नगरेको ।
- आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन लिने तथा कार्यानवयन नगरेको ।

| | | |
|---|---|---|
| | • श्रोत साधनको संभावना तथा मूल्यांकन नगरेको ।<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग संबोधन नगरेको,<br>• निर्धारित समयमा निर्माण सम्पन्न गर्ने नगरेको,<br>• समयमा पेश्की फछर्यौट नगरेको<br>• अनुगमन प्रतिवेदन पूर्ण कार्यान्वयन नगरेको,<br>• काम नलाग्ने पूराना जिन्सीको लिलाम बिक्रि नगरेको,<br>• योजना सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न गर्ने नगरेको<br>• बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट पेश नगरेको<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन नगरेको,<br>• कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको मर्मत तथा राफसाफ नगरेको ।<br>• ल्याण्डफिल्ड साईडको व्यवस्थापन नगरेको<br>• जनशक्ति व्यवस्थापन नगरेको | |
| १५. | **नापी किताब** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा योजना /ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरी काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ ।<br>यस कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा समेत तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| १६. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पूँजीगत तर्फका कार्यक्रम नगरसभाबाट स्वीकृत गराई कार्यपालिकावाट वार्षिक कार्यक्रम स्वीकृत गरेता पनि बार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको पाईएन । | |
| १७. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम यस नगरपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुको प्राथमिकिकरण गरी वजेट तर्जुमा गरेको नपाईएकोले सञ्चालन गरिने कार्यक्रमको ऐनको व्यवस्था वमोजिम प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १८. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । उक्त व्यवस्था अनुसार संघिय, प्रदेश स्तरिय र स्थानिय तह स्तरिय बजेटवाट सञ्चालन हुने कार्यक्रममा दोहोरोपना हुन नदिनेगरी कार्यपालिकाले तादम्यता तथा परिपुरकता मिलाएको अभिलेख राखेको पाईएन । | |

| | | |
|---|---|---|
| १९. | **न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा यो बर्ष साँध सिमान, लेनदेन समेतका ९८ वटा विवादको निरुपणार्थ निबेदन दर्ता भएकोमा समयमै विवादको निरुपण गरि किनारा लगाउनु पर्नेमा यो वर्ष मात्र २९ एक बिवादको निरुपण गरी २९ बिवादको निरुपण गरेको देखिएन । स्थानीय तहको मर्म अनुरुपको न्याय सम्पादनका कार्य समयमै भएको नदेखिएकोले त्यस तर्फ समितिको ध्यान जानु पर्दछ । | |
| २०. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड तथा गाँउ बिकास गुरु योजना बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तफ यस नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । छलफलको क्रममा योजना बन्दै गरेको जानकारी गराईएको छ । | |
| २१. | **लक्ष्य प्रगतिको स्थिति** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । यस नगरपालीकाले सञ्चालन गरेका नगर स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको छैन । यसवाट नगरपालीकाले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगतिको अवस्थाको मुल्याङकन गर्न सक्ने अवस्था रहेन । | |
| २२. | **आन्तरिक आय अनुमानः** कार्यालयले निम्नानुसार यो वर्ष आन्तरिक आय रु ४३ लाख ९६ अनुमान गरेकोमा रु १३ लाख ३० हजार( लक्ष्यको तुलनामा ३०.२५ प्रतिशत) मात्र आय गरेको देखिएको छ । अनुमानको तुलनामा ६९.७४ प्रतिशत घटि राजश्व असुल भएकोले अनुमान वास्तवीकताको नजिक देखिएन । स्थानिय साधन श्रोतको परिचालन गरि स्थानिय तहको विकास कार्यमा श्रोत साधनमा आत्मनिर्भर हुन नगरपालीकाले अनुमानलाई तथ्यपरक बनाई आन्तरिक आयका स्पष्ट श्रोतहरु एकिन गरि आन्तरिक आयको दायरा फराकिलो बनाउनका लागि आवश्यक राजश्व नीति, नियम एवं कार्यविधि को व्यवस्थापन गरि कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले एकमुष्ठ आम्दानी देखाएता पनि कुन कुन शिर्षकमा के कति आम्दानी गरियो शिर्षकगत आम्दानी खाता राखेको छैन । यसवाट राजस्व असुलीका सवल तथा दुर्वल पक्षको बिश्लेषण र यथार्थ आम्दानी को सम्वन्धमा आस्वस्ता हुन सकिएन ।<br>२१.१ रसिद नियन्त्रण खाता : कार्यालयले कार्यालयमा प्राप्त हुने आयको लागि प्रयोगमा ल्याएका नगदी रसिद प्रयोगमा छपाई जिम्मेवारी सहितको आम्दानी खर्च देखिने गरी रसिद नियन्त्रण खाता राखेको पाईएन । पटक पटक वडा कार्यालयमा गएका रसिदहरुवाट असुल भएको राजस्व एकिन नगरेको र गएको मध्ये फिर्ता भएको रसिदको अभिलेख नराखेको पाईयो । नगदी रसिदको बरबुझारथ समेत भएको पाईएन । यसवाट नगरपालिलाई प्राप्त हुनु पर्ने राजस्व प्राप्त भएकोमा आस्वस्त हुन सकिएन । कार्यालयले नगदी रसिदको नियन्त्रण खाता तथा बडागत आम्दानीको एकिन बिवरण तयार गरी कार्यालयले प्रयोग गरेको रसिद वाट असुल भएको राजस्वमा छानबिनद्धारा एकिन गरी बिबरण पेश गर्ने तथा अभिलेख अध्यावधिक गरी पेश गर्नु पर्ने देखियो ।।। | |
| २३. | **बित्तीय समानीकरण तर्फ :**<br>**चालुतर्फः** | |
| | **४८५।०७५।३।३१ बाट** ना.३ .च.२०५३.नंको गाडी ११ दिन भाडामा लिएवापत रु ४९,५००। खर्च लेखेकोमा कुनु कुन दिन के प्रयोजनकोलागि भाडामा लिइएको हो प्रमाण सम्लग्न नगरी खर्च लेखेको रु.......... | ४९,५००।०० |
| | **४८९।०७५।३।३२ बाट** वडा नं १ मा बिभिन्न मर्मत संभार कार्य गर्दा ५००.लिटर डिजेलको रु४६२५०। खर्च लेखेकोमा उक्त खर्चको प्राबिधिक पुष्टयाँई नगरी खर्च लेखेकोरु.... | ४६,२५० |
| | **ईन्धन खर्च :** कार्यालयले बिभिन्न बडा कार्यालयमा ईन्धन स्वरुप वडाअध्यक्षलाइ महिनामा २० लिटर तथा सचिवलाई १० लिटर पेट्रोल उपलब्ध गराउने सामान्य मान्यता बनाएता पनि केहि वडाहरुले दुई महिनामा १०० लि सम्म पेट्रोल खर्च लेखेको पाईयो । यसमा मापदण्डबनाई स्वीकृत नगराइ गरेको देखिएकोले यस्ता खर्चले खर्चको वास्तबिकता एकिन नहुने हुंदा सभाले आवस्यक व्यवस्था मिलाउन | |

| | | |
|---|---|---|
| | पर्ने देखिएको छ । | |
| | **दोहोरो भुक्तानी :** वडा नं १ का ९ महिला स्वास्थ्य स्वयं सेबिकालाई बार्षिक प्रोत्साहन खर्चवापत भौ.नं ४८९।०७५।३।३१ बाट रु ५४,०००। खर्च लेखेकोमा भौ.नं ५४०।०७५।३।३१ बाट पुन खर्च लेखेको देखिएकोले उक्त रकम असुल गरी बेरुजु दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु... | ५४,०००। |
| २४. | **मुआब्जा वितरणः४३-२०७४/७/१,** हरिपुर बजारका जग्गा धनीहरुको मुआब्जा वितरणको लागि रु.३७२६७।०० खर्च लेखेको छ । उक्त मुआब्जा दिनुको कारण र दिने निर्णय समेत नभएकोले उक्त खर्चलाई नियमित मान्न नसकिने रु.... | ३६२६७.०० |
| २५. | **बहाल करः** कार्यालयले बाबुकाजी योन्जनको स्कर्पियो भाडामा लिए वापत रु.१००००।०० भुक्तानी दिदा नियमानुसार कट्टी गर्नु पर्ने १० प्रतिशत वाहाल कर वापत रु.१०००।०० कट्टी नगरेकोले सो रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | १०००.०० |
| २६. | **पारिश्रमिककरः**आयकरऐन२०५८कोदफा८७मासेवापरमर्शवापतभुक्तानीदिदा१५प्रतिशतकरकट्टीगर्नुपर्नेव्यवस्थाछ।परामर्शशिर्षकबाट शिर्षक बाट कानुनी सेवा लिए वापत निम्नानुसारको रकम भुक्तानीदिदाँ नपुगपारिश्रमिककररु.११९४२।००दाखिलागर्नुपर्नेरु____ | ११९४२.०० |

| गो.भौ. मिति | भुक्तानी पाउने को नाम | भुक्तानी रकम | कट्टी गरिएको कर | कट्टी गर्नु पर्ने कर | कट्टी गर्न बाकीँ |
|---|---|---|---|---|---|
| २५७-२०७४/११/२८ | खेम प्रसाद गौतम | ३४०००.०० | ३४०.०० | ५१००.०० | ४७६०.०० |
| ४२३-२०७५/३/१८ | भिखारी मंसुर | ५३२००.०० | ७९८.०० | ७९८०.०० | ७१८२.०० |
| जम्मा | | | ११३८.०० | १३०८०.०० | ११९४२.०० |

| | | |
|---|---|---|
| २७. | **पोशाक भत्ताः**यस नगरपलिकाको नगर सभाको निर्णय नं. २७ मा करारका कर्मचारीहरुलाई कार्यलयको तर्फबाट उपयुक्त पोसाख खरिद गरी दिईने भनि निर्णय गरेको छ । के कति लागतको कपडा खरिद गरिने भन्ने यकिन नगरिकनै निम्नानुसारको करारको कर्मचारीहरुले पोसाक भत्ता वापत रु. १५७५००.००नगद नै बुझेको ले उक्त खर्च अनियमित भएको रु....... | १५७५००.०० |

| क.सं. | कर्मचारीको नाम | नियुक्ती मिति | नियुक्ती लाग हुने मिति | पोशाक खर्च |
|---|---|---|---|---|
